नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, जुम्ला

(कार्यक्षेत्र : जुम्ला/कालिकोट)

## शिलबन्दी स्याउ/ओखर नर्सरीधनीहरु सूचिकृत तथा मूल्य प्रयोजनको लागि मूल्य सूचि उपलब्ध गराउने सम्बन्धी सूचना !

सुचना नं. १२/२०७९/८०

**सूचना प्रकाशित मिति : २०७९/०९/१८**

प्रस्तुत बिषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, जुम्लाको चालु आ.व. २०७९/०८० को स्वीकृत बार्षिक बिकास कार्यक्रम अनुसार ओखर तथा स्याउ क्षेत्र बिस्तार कार्यक्रमकालागि लागि ५०% अनुदानमा स्याउ तथा ओखरका बिरुवा वितरण गर्ने कार्यक्रम रहेको हुँदा हिउँदे फलफूल नर्सरी स्थापना तथा ब्यवस्थापन मापदण्ड-२०७७ अनुसार मापदण्ड पुगेका ईच्छुक आधिकारिक रुपमा दर्ता भएका नर्सरीधनीहरुलाई मूल्य प्रयोजनको लागि मात्र स्याउ एवं ओखर को मूल्य सूचि, बिरुवाको जात र अन्य विवरण उल्लेख गरि यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०७९/१०/०२ भित्र तपसील बमोजिमका कागजात सहित परियोजना कार्यान्वयन एकाइ, जुम्लामा सूचीकृत गर्नुहुन हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसील**

| क्र. सं. | फलफूल बिरुवाको नाम | जात | बिरुवाको किसिम | बिरुवाको उचाई | बिरुवाको उमेर | दर रेट प्रति बिरुवा (कर समेत) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ओखर | | | | | | |
| २ | स्याउ | | | | | | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजात तथा मापदण्डहरु**

१. कानूनी कागजातहरु (संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मूल्य अभिबृद्धि, कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि र अन्य सपोर्टिङ कागजात),
२. हाल उत्पादित बिरुवाको संख्या, बिरुवाको श्रोत तथा अनुभव सम्बन्धी कागजात,
३. संस्थाको बिगत तिन बर्ष देखिको विक्री बितरणको अवस्था,
४. बिरुवा स्वंयको नर्सरीमा तथा आफ्नै निगरानीमा उत्पादन गरेको हुनुपर्ने,
५. स्याउ/ओखर बिरुवाको मापदण्ड
   - स्याउ बिरुवाको उचाई कम्तिमा ६० से.मी. र मोटाई कम्तिमा ३ से.मी. भएको हुनु पर्ने,
   - विरुवाको उमेर कम्तिमा कलमी गरि सकेपछी १ वर्ष पुरा भएको र स्याउको हकमा न्यूनतम २ फिट उचाइ भएको र ओखरको हकमा १-२ फिट उचाई भएको विरुवा हुनु पर्ने ।
   - कलमी गरेको भागको उचाई जमिन सतहबाट कम्तिमा १० से.मी. भएको हुनु पर्ने,
   - रुटस्टक र सायन जडान भएको स्थानको घाउ ३-५ से.मी. भएको हुनु पर्ने,
   - स्पष्ट रुपमा स्याउको जातको खुलेको हुनु पर्ने,
   - विरुवाको जरा नकुहेको, भुवादार लाही किराको आक्रमणले जरामा गिर्खा नभएको, बोक्रा खुइलिने रोग लगायत अन्य रोग तथा कीरा नलागेको हुनुपर्ने,
   - माउबोटको स्रोत खुलेको तथा जात छुट्याएर ट्यागिङ्ग गरिएको हुनु पर्ने

जोगेन्द्र कान्दु
कार्यालय प्रमुख